# भूमिकास्थान नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
नुवाकोट, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

Website: bhumikasthanmun.gov.np
E-mail: bhumikasthanmunicipality@gmail.com

पत्र संख्या : २०८३।०८४
चलानी नम्बर :

### सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना ।।

सूचना प्रकाशित मिति : २०८३/०४/२१

स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद-३, दफा ११ को उपदफा (२) को घ. बाट प्राप्त अधिकार, भूमिकास्थान नगरपालिकाको आर्थिक ऐन,२०८३ बमोजिम नगरपालिका भित्र संकलन भई व्यवासायिक कारोवार हुने कवाडीजन्य वस्तुको व्यावसायिक कारोबार गरेवापत कर संकलन गर्ने एवं नगरपालिका भित्र उत्पादन भई व्यवसायीक कारोवार हुने जीवजन्तु, जडिबुटी लगायतका वस्तुको व्यवसायिक कारोवार गरेवापत कर संकलन गर्ने प्रयोजनका लागि आ.ब.०८३/०८४ मा ठेक्का प्रकृयाको माध्यमद्धारा कर संकलन गर्ने निर्णय भएकाे हुँदा तपसिलमा उल्लेखित शर्तहरुका अधिनमा रही ठेक्का प्रकृयामा आउन इच्छुक मुल्य अभिबृद्धि करमा अनिवार्य दर्ता भएका फर्म तथा संघ संस्थाहरुले शिलबन्दी दरभाउपत्र पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

१. प्रत्येक ठेक्काको दरभाउपत्र फाराम कार्यालयको राजस्व शाखाबाट मिति २०८३/०५/०४ गतेभित्र खरिद गर्न सकिनेछ । यसका लागि नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,फर्म दर्ताको प्रमाणपत्रको प्रतिलिपि,आन्तरिक राजस्व कार्यालयमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि,करचुक्ता प्रमाणपत्रको प्रतिलिपि सलग्न गरी निवेदन दिनुपर्नेछ ।
२. आफूले कबोल गरेको रकमअङ्क र अक्षरमा स्पष्टसँग उल्लेख गरी दरभाउपत्र फाराममा ठेकेदारको नाम, थर, ठेगाना र सहीछाप एवम् संस्थाको छाप समेत लगाई मिति २०८३/०५/०५ गते दिनको १२.०० बजे भित्र भूमिकास्थान नगर कार्यपालिकाको कार्यालय, नुवाकोट, अर्घाखाँचीमा दाखिला गरिसक्नु पर्नेछ ।
३. दाखिला भएका दरभाउपत्रहरु मिति २०८३/०५/०५ गते दिनको १:०० बजे भूमिकास्थान नगर कार्यपालिकाको कार्यालय, नुवाकोट, अर्घाखाँचीमा विभिन्न प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । दरभाउपत्रदाता वा निजका प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन । दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने अन्तिम दिन विदा परेमा उक्त कार्य सो को भोलिपल्ट हुनेछ ।
४. दरभाउपत्रदाताले आफूले कबोल गरेको अंकको नेपाली भए ५ (पाँच) प्रतिशत, गैर नेपाली भए १० (दश) प्रतिशतले हुने धरौटी रकम भूमिकास्थान नगर कार्यपालिकाको कार्यालय, नुवाकोट, अर्घाखाँचीको नाममा प्रभु बैंक, भूमिकास्थान शाखा, नुवाकोट, अर्घाखाँची स्थित धरौटी खाता नं २५८७०८६९८६८०००४८ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा नेपाल राष्ट्र बैंकद्वारा मान्यता प्राप्त बैंकद्वारा भूमिकास्थान नगर कार्यपालिकाको कार्यालय, अर्घाखाँचीको नाममा जारी भएको ९० दिन म्याद भएको विडबण्ड पेश गर्नुपर्ने छ ।
५. दरभाउपत्र फाराम स्वीकृत भएपछि दरभाउपत्रदाताले कबोल गरेको कुल रकम तपसिल बमोजिमको बैंक खातामा एकमुष्ट जम्मा गरेको सक्कलै बैंक भौचर पेश गरेपछि दरभाउपत्रदातासँग सम्झौता गरी ठेक्काको चलान पूर्जी दिइने छ ।
६. गत विगत सालमा ठेक्का लिई रकम बुझाउन बाँकी राखेका फर्महरुले ठेक्का प्रकृयामा भाग लिन पाउने छैनन । तर भूमिकास्थान नगर कार्यपालिकाको कार्यालय, नुवाकोट, अर्घाखाँचीमा बुझाउनु पर्ने सबै रकम भुक्तानी गरेमा ठेक्का लिनबाट बञ्चित गरिने छैन
७. प्राप्त दरभाउपत्र फाराम आंशिक वा पूर्णरुपमा स्वीकृत गर्ने, नगर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।
८. सबै ठेक्का नं. हरुमा कवोल अङ्कको १.५ प्रतिशत अग्रिम आयकर र थप १३ प्रतिशत मूल्य अभिवृद्धि कर लाग्ने छ ।
९. यस सम्बन्धी थप सूचना जारी गर्नु परेमा यस कार्यालयको वेभसाईट www.bhumikasthanmun.gov.np तथा कार्यालयको सूचना पाटीमा टाँस गरिने छ ।
१०. प्रकाशित सूचना बमोजिम कुनै विषय फरक पर्न गएमा सो को अन्तिम निर्णय गर्ने अधिकार भूमिकास्थान नगरकार्यपालिकाको कार्यालयमा निहित हुनेछ ।
११. यस सूचनामा उल्लेख भएका विषयको हकमा यसै बमोजिम र यसमा उल्लेख नभएका विषयहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।
१२. यस सम्बन्धी अन्य कुरा बुझ्नु परेमा कार्यालय समयमा फोन नं. ९८५७०६९९८१/९८५७०६९७९५ मा सम्पर्क गर्न सकिने छ ।

**तपसिल**

| नगर क्षेत्रभित्र उत्पादन भई व्यवसायिक कारोवार हुने कवाडी कर जडिबुटी कर तथा जिवजन्तु कर | | | |
|---|---|---|---|
| ठेक्का नं. | विवरण | कर संकलन सम्बन्धी शीर्षक | न्यूनतम एकमुष्ट रकम रु. (मु.अ.कर बाहेक) |
| 1/BMA/IR/083/084 | कवाडी कर | नगरपालिका भित्र उत्पादन भई व्यावसायकि कारोवार हुने कवाडीजन्य वस्तुको कर संकलन गर्ने कार्य | ६५,००० |
| 2/BMA/IR/083/084 | जडिबुटी कर | नगरपालिका भित्र उत्पादन भई व्यावसायिक कारोवार हुने , जडिबुटीको व्यवसायिक कर संकलन गर्ने कार्य | ३०,००० |
| 3/BMA/IR/083/084 | जिवजन्तु कर | नगरपालिकाभित्र उत्पादन भई व्यावसायिक कारोवार हुने जिवजन्तुको कर संकलन गर्ने कार्य | १०,००० |

.............
रविन्द्र प्रसाद चौधरी
प्रमुख प्रशासकीय अधिकृत

रविन्द्र प्रसाद चौधरी
प्रमुख प्रशासकीय अधिकृत